पोखरा विश्वविद्यालय
POKHARA UNIVERSITY
Kaski, Nepal

चलानी नं./Ref.No.

# पोखरा विश्वविद्यालय छात्रवृत्ति छनोट समितिको Fourth Scholarship Awarded List प्रकाशित सम्बन्धि, संकाय परिवर्तन गर्न पाउने सम्बन्धि र बाँकी रहन गएको कोटाकोलागि कार्यक्रम तथा शैक्षिक संस्था छनोट सम्बन्धि सूचना !

पोखरा विश्वविद्यालय छात्रवृत्ति छनोट समिति, २०७४ ले मिति २०७४।०९।१२ गते देखि मिति २०७४।०९।१६ गते सम्म छात्रवृत्ति शाखामा सम्पर्क गरी खाली रहेको कोटाको कार्यक्रम र शैक्षिक संस्थामा अध्ययन गर्नको लागि छनोट फाराम भरी बुझाउन जानकारी गराए बमोजिम छात्रवृत्ति शाखामा नियमानुसार बुझाएको दरखास्त छनोट फारामको आधारमा विज्ञान तथा प्रविधि संकाय समूह (ख) को विसिए र व्यवस्थापन संकायको विविए कार्यक्रमको संलग्न बमोजिमको Fourth Scholarship Awarded List प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । Fourth Scholarship Awarded List मा संलग्न भएका विद्यार्थीहरुले यही मिति २०७४।०९।१८ गते देखि ढिलोमा मिति २०७४।०९।२१ गते सम्ममा छात्रवृत्ति शाखाबाट पत्र बुझि सम्बन्धित शैक्षिक संस्थामा भर्ना भइ अध्ययन कार्यमा संलग्न रहन समेत जानकारी गराइन्छ ।

पो.वि.छात्रवृत्ति छनोट समितिको मिति २०७४।७।११ गते प्रकाशित छनोट प्रवेश परीक्षाको मेरिट लिष्टमा रहेका हालसम्मको Fourth Scholarship Awarded List मा समेत समावेश नभएको सरकारी सामुदायिक स्कूलबाट एसइइ वा एसएलसी पास गरेको विद्यार्थीहरुलाइ स्वास्थ्य विज्ञान संकायको विपिएच, विज्ञान तथा प्रविधि संकायको विइ सिभिल र विइ कम्प्यूटरमा संलग्न बमोजिम बाँकी रहेको कोटामा अन्तिम पटक कार्यक्रम तथा कलेज छनोटको दरखास्त फारम भर्न समेत जानकारी गराइन्छ ।

पो.वि.छात्रवृत्ति छनोट समितिबाट मिति २०७४।७।११ गते विज्ञान तथा प्रविधि संकाय र स्वास्थ्य विज्ञान संकायको लागि प्रकाशित छनोट प्रवेश परीक्षाको मेरिट लिष्टमा रहेका हालसम्म पनि छात्रवृत्ति प्राप्त नगरेका विद्यार्थीहरुले व्यवस्थापन संकाय र मानविकि तथा सामाजिक शास्त्र संकायमा संकाय परिवर्तन गरी अध्ययन गर्न आउन चाहने भएमा संकाय परिवर्तन गरी कार्यक्रम र शैक्षिक संस्था छनोटको दरखास्त फारम भर्न पाउने व्यवस्था समेत गरिएको व्यहोरा जानकारी गराइन्छ ।

पोखरा विश्वविद्यालय छात्रवृत्ति छनोट समिति, २०७४ ले मिति २०७४।०९।१८ गतेसम्ममा Fourth Scholarship Awarded List प्रकाशित गरिसक्दा पनि अझै केही कार्यक्रममा कोटा खाली रहन गएको हुदा मिति २०७४।०७।११ गते प्रकाशित मेरिट लिष्टमा भएका, First देखि Fourth Scholarship Awarded List मा समावेश नभएका संलग्न बमोजिमको कार्यक्रममा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुलाइ मिति २०७४।०९।१८ गते देखि मिति २०७४।०९।२४ गते सम्म छात्रवृत्ति शाखामा सम्पर्क गरी कार्यक्रम र शैक्षिक संस्था छनोटको फाराम भरी बुझाउनुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

मिति:-२०७४।०९।१८

रोशन पाण्डे
सदस्य सचिव
छात्रवृत्ति छनोट समिति, २०७४

P.O. Box: 427, Pokhara Lekhnath Metropolitan City-30, Lekhnath, Kaski, Nepal. E-mail: info@pu.edu.np